# जलजला गाउँपालिका
# लामाखेत, पर्वत

## वजेट वक्तव्य
## आर्थिक वर्ष २०७८/७९

**आदरणीय सभाध्यक्ष ज्यू,**
**गाउँसभाका सदस्यहरू,**
**उपस्थित सम्पूर्ण अतिथिगण, कर्मचारीहरू तथा सम्पुर्ण महानुभावहरू**

१. कोभिड-१९ नामको कोरोना भाइरसवाट सिर्जित विश्वव्यापी महामारीले सिर्जना गरेको चुनौतीपूर्ण परिस्थिति र बन्दावन्दी बीच आज नेपालको संविधान वमोजिम गठित स्थानीय सरकारको तर्फबाट आर्थिक वर्ष २०७८/७९ को वजेट यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

२. सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगतर्फ पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।यस क्षणमा वेपत्ता तथा घाइते योद्धाहरु र उहाँहरुको परिवारजन लगायत आम जनसमुदायमा उहाँहरुको अभूतपूर्व योगदान प्रति हार्दिक सम्मान प्रकट गर्दै नमन गर्न चाहन्छु ।

३. कोभिड-१९ का कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भएको छ । यस महामारीका कारण स्वदेश तथा विदेशमा जीवन गुमाउनुहुने नेपालीलगायत विश्वभरका नागरिकहरुप्रति श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु । यस जलजला गाउँपालिका लगायत नेपालभर र विदेशमा समेत उपचाररत दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. संघ,प्रदेश र स्थानीय तहवीचको सहकारिता, सहअस्तित्व र समन्वय लाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गरी सिंहदरवार गाउँमै आएको अनुभूति जनतालाई दिनुपर्ने अवसर,दायित्व र चुनौती हामी माझ छ ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष सम्म हाँसिल भएका उपलव्धिहरु संस्थागत गर्दै जनप्रतिनिधमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै समृद्ध गाउँपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।

६. बजेट तर्जुमा गर्दा मैले मूलत: नेपालको संविधान र कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, विविध कानुनहरु, प्रस्तावित पञ्चवर्षीय आवधिय योजना, गाउँकार्यपालिकाका निर्णयहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु ।साथै,

विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु ।

७. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै,यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।

८. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता,स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएकोछु ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु,**

९. अव म आगामी आर्थिक वर्ष २०७८/७९ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

१. कोरोना भाइरस सिर्जीत अवस्थाको प्रभावकारी व्यवस्थापन गर्नु,
२. सामाजिक सुरक्षा तथा संरक्षणका माध्यमबाट विकासमा पछाडी परेका वर्गलाइ मुलधारमा समेटनु ।
३. जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु,
४. आधुनिक प्रविधिको प्रयोग गर्दै सर्वसुलभ रुपमा सेवा उपभोग गर्न सकिने वातावरण तयार गर्नु ।
५. लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्नु,
६. कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,
७. स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु,
८. स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

**१०.** आगामी आर्थिक वर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छ ।

१. सडक तथा पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत , सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास गर्ने,

२. समाजिक संरक्षण गर्नुपर्ने वर्गका मजदुरहरुलाइ संरक्षण गर्ने,

३. कृषि,पर्यटन,उद्योग तथा वाणिज्य,सहकारी,वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास गर्ने,

४. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को विकास मार्फत सामाजिक विकास गर्ने,

५. वन, वातावरण तथा विपद् व्यवस्थापन गर्ने,

६. शासकीय सक्षमताको विकास गरी सुशासन र सदाचार प्रवर्द्धन गर्ने ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अव म चालु आर्थिक वर्ष २०७७/७८ को हालसम्मको आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

**११.** चालु आर्थिक वर्षमा रु आन्तरिक राजस्व परिचालन हुने अनुमान रहेकोमा हाल सम्म त्यसैगरी चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु ९,४२,००,०००/- र संघीय राजस्व बाँडफाँडबाट रु ४,६२,०६,५४३/- आय प्राप्त भएको छ । राजश्व बाँडफाड तर्फ लक्ष्य अनुरुप बजेट प्राप्त हुने सम्भावना कम रहेको छ । त्यस्तै प्रदेश तर्फ वित्तिय समानीकरण अनुदानवापत रु ९०,६६,७५०/- प्राप्त भएको छ । प्रदेश राजस्व बाँडफाँड वापत रु ३०,५८,७२०/- प्राप्त भएको छ ।

**१२.** चालु आर्थिक वर्षको नेपाल सरकार सशर्त अनुदान वापत रु १८,२२,४४,२२२/-प्रदेश तर्फ शसर्त अनुदानमा मा रु २५,००,०००/- प्राप्त भएको छ साथै समपुरक अनुदानमा समेत रु २५,००,०००/- रुपैया प्राप्त भएको छ। आन्तरीक आय तर्फ २०७८ जेष्ठ मसान्त सम्म रु २,९६,४६,७०८/- रुपैया प्राप्त भएको छ ।जेठ मसान्त सम्म आन्तरिक आयतर्फ ९० प्रतिशत भन्दा वढी असुली भैसकेको छ ।

**१३.** त्यस्तै सामाजिक सुरक्षा भत्ता तर्फ अख्तियारी रु ६,७४,८१,०००/- मध्य दोस्रो चौमासिक सम्म रु ४,३०,९५,६०७ /- निकासा भैसकेकको छ ।

१४. अनुदान तथा राजस्व बाँडफाँडका अतिरिक्त, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु ९८,६८,०००/- प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम  कार्यक्रम तर्फ रु २ लाख ७९ हजार दुई सय तिस रुपैंया र गरिव सँग विश्वेश्वर कार्यक्रम तर्फ रु ५,४६,०००/-  सिधै अख्तियारी प्राप्त भएको छ ।साथै स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रमका लागी रु ४७,००,०००/- यस्ता कार्यक्रमको लागि प्राप्त भएको रकमको प्रतिवेदन सिधै नेपाल सरकारमा पठाउने गरी अख्तियारी प्राप्त भएकाले स्थानीय सरकारको बजेट प्रणालीमा समावेश गरिएको छैन ।

१५. उल्लेखीत तथ्याङ्कका आधारमा चालु आर्थिक वर्षको मिति २०७८ जेठ असान्त सम्मको कुल वित्तिय तथा भौतीक प्रगती सन्तोषजनक रहेको छ ।

<u>सभाध्यक्ष महोदय,</u>

<u>अव म आगामी आर्थिक वर्ष २०७८।७९ आय तथा व्यय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।</u>

नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारद्धारा आर्थिक वर्ष २०७८/७९ मा यस गाउँपालिकाको लागी उपलव्ध अनुदानको जम्मा हिस्सा देहाएवमोजिम रहने अनुमान गरिएको छ ।

- ✓ वित्तिय समानिकरण अनुदान अन्तर्गत संघ सरकारवाट रु १०,०२,०००००(दश करोड दुइ लाख ) र प्रदेश सरकारवाट रु १,१२,०४,००० (एक करोड वाह्र लाख चार हजार) प्राप्त भएको छ ।
- ✓ राजश्व वाडफाँड अन्तर्गत संघ सरकारवाट रु ६,६०,०८,०००। (छ करोड साठी लाख आठ हजार रुपैयाँ ) र प्रदेश सरकारवाट रु ४६,७५,००० (छ्यालिस लाख पचहत्तर हजार रुपैया मात्र ।
- ✓ सशर्त अनुदानको रुपमा संघ सरकारवाट रु २१,९२,००,०००(एक्काइस करोड वयानव्वे लाख प्राप्त भएको छ ।
- ✓ समपुरक अनुदान/शसर्त अनुदान अन्तर्गत  गण्डकी प्रदेश सरकारवाट  रु १००००००० ।(एक करोड रुपैयाँ) प्राप्त हुनेछ ।

✓ गाउँपालिकाले लगाउने कर, शुल्क, दस्तुर, ढुँगा गिटी वालुवा विक्रि एवम् अल्या समेत बाट आगामी आ.व. २०७८/७९ मा कुल ४,०२,६३,०००/-(चार करोड दुइ लाख त्रिसट्ठीहजार रुपैयाँ ) राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।

उल्लिखित नेपाल सरकार एवं प्रदेश सरकारवाट प्राप्त हुने विभिन्न अनुदान, राजश्व बाँडफाँड, र सम्भावित राजश्व एवं अ ल्या. समेतका आधारमा यस वर्षको कुल बजेटको आकार रु ४५,१५,५०,०००।— (पैचालीस करोड पन्ध्र लाख पचास हजार रुपैया ) को हुने अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्षको २०७८/७९ व्ययको अनुमान प्र्स्तुत गर्न चाहन्छु,

आगामी आर्थिक वर्षमा चालुतर्फ जम्मा रु ८,००,००,०००।(आठ करोड) विनियोजन गरेको छु ।

त्यसैगरी आगामी आर्थिक वर्षलाई पुजीगत तर्फ विनियोजन रु १५,२३,५०,०००।— (पन्ध्र करोड तेइसलाख पचास हजार रुपैया )। जसको कार्यान्वयनबाट गाउँपालिकामा आइपर्ने विपद् जोखीमको ब्यवस्थापन गर्दै बर्तमान आर्थिक, सामाजिक एवं पूर्वाधार लगायतका क्षेत्रको रुपान्तरणको माध्यमवाट विकास र समृद्धी हासिल गर्ने हामी सवैको साझा लक्ष्य पुरा गर्न बलियो आधार खडा हुने अपेक्षा गरिएको छ ।त्यस्तै संघिय सरकारवाट प्राप्त शसर्त अनुदान रु २१,९२,००,०००।— (एक्काइस करोड वयानव्वे लाख रुपैया ) खर्च हुनेछ ।

अव म वडागत तथा कार्यक्रम अनुसारको विस्तृत विवरण अन्तर्गत अव म योजनाहरुको नाम, कार्यान्वयन हुने स्थान र विनियोजित रकम उल्लेख गर्न चाहन्छु ।

**व्यय अनुमान**

आ.व.२०७८/७९ (चालु)

| शीर्षक | | आ.व.२०७७/७८ को संसोधीत अनुमान | आ.व.२०७८/७९ को अनुमान | अक्षरुपी |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| १ | पारिश्रमिक कर्मचारी | १६०००००० | १८०००००० | एक करोड असी |

| | | | | |
|---|---|---|---|---|
| | | | | लाख |
| २ | पदाधिकारी सुविधा आ व ७६।७७ को बाँकी**( प्रदेश कानुन अनुसार )** | ६५००००० | ० | पैसठ्ठी लाख |
| ३ | पोसाक | ६००००० | ६५०००० | छ लाख पचास हजार |
| ४ | औषधी उपचार खर्च | १००००० | ० | |
| ५ | स्थानीय भत्ता | ३५०००० | ३५०००० | तिन लाख पचास हजार |
| ६ | महंगी भत्ता | ७००००० | ७००००० | सात लाख |
| ७ | कर्मचारीको बैठक भत्ता | ७००००० | ७००००० | सात लाख |
| ८ | पदाधिकारी बैठक भत्ता | ८००००० | ८००००० | आठ लाख |
| ९ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५०००० | १००००० | एक लाख |
| १० | अन्य भत्ता | १००००० | १००००० | **एक लाख** |
| ११ | पदाधिकारी अन्य सुविधा | २०००००० | २०००००० | **वीस लाख** |
| १२ | पदाधिकारी अन्य भत्ता | २००००० | १००००० | एक लाख |
| १३ | पानी तथा बिजुली | ८५०००० | ५००००० | पाँच लाख |
| १४ | संचार महसुल | १८००००० | १५००००० | पन्ध्र लाख |
| १५ | इन्धन (पदाधिकारी) | ५००००० | ५५०००० | पाँच लाख पचास हजार |
| १६ | इन्धन (कार्यालय प्रयोजन) | १२००००० | १५००००० | पन्ध्र लाख |
| १७ | सवारी साधन मर्मत खर्च | २३००००० | १५००००० | पन्ध्र लाख |
| १८ | बीमा तथा नवीकरण खर्च | ४००००० | १०००००० | दश लाख |
| १९ | मेशीनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ७००००० | ७००००० | सात लाख |

| | | | | |
|---|---|---|---|---|
| २० | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १००००० | २००००० | दुइ लाख |
| २१ | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | १००००० | २००००० | दुइ लाख |
| २२ | मसलन्द तथा कार्यालय सामाग्री | २८००००० | २८००००० | दुइ लाख असी हजार |
| २३ | पुस्तक तथा सामाग्री खर्च | १००००० | ५०००० | पचास हजार |
| २४ | इन्धन - अन्य प्रयोजन | १००००० | २००००० | दुइ लाख |
| २५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४०००००० | ४०००००० | चालिस लाख |
| २६ | अन्य कार्यालय संचालन खर्च | ३००००० | ५००००० | पाँच लाख |
| २७ | सेवा र परामर्श | ३५००००० | ३५००००० | तिन लाख पचास हजार |
| २८ | सञ्चार, सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २०००००० | १०००००० | दश लाख |
| २९ | करार सेवा शुल्क (करार कर्मचारी कटुवाल एम्वुलेन्स चालक सहित | ७५००००० | ९०००००० | नब्बे लाख |
| ३० | अन्य सेवा शुल्क | १००००० | १००००० | एक लाख |
| ३१ | कर्मचारी तालिम खर्च | ५००००० | ५००००० | पाँच लाख |
| ३२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५००००० | ५००००० | पाँच लाख |
| ३३ | कार्यक्रम खर्च | १५००००० | २०००००० | वीस लाख |
| ३४ | विविध कार्यक्रम खर्च | १५००००० | १५००००० | पन्ध्र लाख |
| ३५ | अनुगमन तथा मुल्याङ्कन खर्च | १५००००० | १५००००० | पन्ध्र लाख |
| ३६ | भ्रमण खर्च( कर्मचारी ) | १४००००० | १६००००० | सोह्र लाख |

| | | | | |
|---|---|---|---|---|
| ३७ | भ्रमण खर्च( पदाधिकारी ) | ५००००० | ४००००० | चार लाख |
| ३८ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ६००००० | ५००००० | पाँच लाख |
| ३९ | अन्य भ्रमण खर्च | १००००० | ४००००० | चार लाख |
| ४० | विविध खर्च(पदाधीकारी) | ६०००००० | ६०००००० | साठी लाख |
| ४१ | विविध खर्च | २५००००० | २३००००० | तेइस लाख |
| ४२ | सभा सञ्चालन खर्च | १०००००० | ८००००० | आठ लाख |
| ४३ | सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण खर्च | ६००००० | ४००००० | चार लाख |
| ४४ | अन्य सहायता | ५००००० | ५००००० | पाँच लाख |
| ४५ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १०००००० | १०००००० | दश लाख |
| ४६ | औषधी खरिद खर्च | २००००० | ३५०००० | तिन लाख पचास हजार |
| ४७ | अन्य सामाजिक सहायता | १००००० | १००००० | एक लाख |
| ४८ | मृत कर्मचारीको सुविधा तथा सहायता | १००००० | ५०००० | पचास हजार |
| ४९ | घर भाडा | १५००००० | १६००००० | सोह्र लाख |
| ५० | अन्य भाडा | २००००० | २००००० | दुइ लाख |
| ५१ | भैपरी आउने चालु खर्च | ५००००० | ५००००० | पाँच लाख |
| ५२ | वडा सञ्चालन खर्च | २७००००० | २७००००० | सत्ताइस लाख |
| ५३ | DPR लगाएत विविध परामर्श | १५००००० | १०००००० | दश लाख |
| ५४ | जाली तथा पाइप खरिद, प्रकोप व्यवस्थापन कोष | १५००००० | ८००००० | आठ लाख |
| ५५ | वडा कार्यालय व्यवस्थापन | ६००००० | ५००००० | पाँच लाख |

| | | | |
|---|---|---|---|
| चालु खर्च जम्मा | | ८०००००००० | आठ करोड |

**जलजला गाउँपालिका**

**वार्षिक विकास कार्यक्रम**

आ.व.२०७८/७९ अनुसूची-६

| क्र. सं | कार्यक्रम अयोजनाको नाम | कार्यान्वयन हुने स्थान | विनियोजन रु | कैफीयत |
|---|---|---|---|---|
| १ | गाँउपालिका प्रशासनिक भवन तथा पुर्वाधार | वडा न ४ | १५०००००० | एक करोड पचास लाख |
| २ | क्रमागत वहुवर्षे भुक्तानी वाँकि | विभिन्न वडा | ६०००००० | साठी लाख |
| ३ | वडा कार्यालय प्रदेश साझेदारी | वडा न २ | ५०००००० | 18000000 वहुवर्षे यो वर्ष पचास लाख |
| ४ | ग्रामिण खानेपानी | वडा न २ | १०००००० | दश लाख |
| ५ | भवन तथा शौचालय निर्माण | वडा न ४ | १०००००० | दश लाख |
| ६ | वडा कार्यालय भवन | वडा न ८ | ४०००००० | 13000000 वहुवर्षे मध्ये यो वर्ष चालिस लाख |
| ७ | ग्राउण्ड र वडा कार्यालय मर्मत | वडा न ३ | १५००००० | पन्ध लाख |
| ८ | चिनाखेत मालगाँउ मोटरवाटो | वडा न १ | ५००००० | पाँच लाख |
| ९ | ज्योति मण्डल मा वि संरक्षण | वडा न १ | ७००००० | सात लाख |
| १० | एक घर एक धारा रात्माटा चिप्लेटी दलित वस्ती खानेपानी | वडा न ५ | १०००००० | दश लाख |
| ११ | सालीजा वनौ हल्जुरे मोटरवाटो | वडा न ६ | ५००००० | पाँच लाख |
| १२ | हिमशिखर र दिप युवा क्लव | वडा न ६ | ५००००० | पाँच लाख |
| १३ | रामकुना भुमरालो सल्यान गोरेटोवाटो | वडा न ७ | ७००००० | सात लाख |
| १४ | केरावारी भिरकाटे गोरेटोवाटो | वडा न ७ | ३००००० | तिन लाख |
| १५ | गौशाला पुर्वाधार निर्माण | वडा न ७ | २३००००० | 4600000 वहुवर्षे मध्य यो वर्ष तेइस लाख |
| १६ | लस्ती फर्से सिचाइ | वडा न ८ | ५००००० | पाँच लाख |
| १७ | खनियाँघाट नागलीवाङ सडक | वड न ८ | ५००००० | पाँच लाख |
| १७ | शिव मा वि भवन | वडा न ८ | ५००००० | पाँच लाख |
| १८ | गोरेटो वाटो निर्माण | वडा न ९ | ४००००० | चार लाख |
| १९ | सल्लेरी सामुदायीक वन उपभोक्ता समुह | वडा न ९ | ६००००० | ६ लाख |

| | | | | |
|---|---|---|---|---|
| २० | स्वास्थ्य | सवै वडा | १४००००० | चौध लाख |
| २१ | एम्वुलेन्स खरिद तथा सञ्चालन | सवै वडा | १३००००० | तेह्र लाख |
| २२ | प्रकोप व्यवस्थापन कोष | सवै वडा | १०००००००० | एक करोड |
| २३ | मेसीनरी औजार तथा फर्नीचर खरीद | कार्यालय | १०००००० | दश लाख |
| २४ | कृषि | सवै वडा | ४५००००० | पैचालिस लाख |
| २५ | पशु | सवै वडा | ३०००००० | तिन लाख |
| २६ | शिक्षा | सवै वडा | १०५०००००० | एक करोड पचास |
| २७ | मोहनचोक फटकेढूगा सडक समपुरक साझेदारी समेत | वडा न 4 | १०००००००० | एक करोड |
| २८ | महिला वालवालीका तथा ज्येष्ठ नागरिक जनजाती अपाङ्ग दलित लगायत लक्षित तथा आयआर्जन कार्यक्रम एवं न्यायिक समिति | सवै वडा | ५०००००० | पचास लाख |
| २९ | कालाञ्जर क्षेत्र विकास तथा पुजा व्यवस्थापन | वडा न ६ | १५००००० | पन्ध लाख |
| ३० | उद्योग व्यवसाय प्रोत्साहन तथा प्रवर्दन | सवै वडा | १००००० | एक लाख |
| ३१ | समपुरक तथा साझेदारी कार्यक्रम | सवै वडा | १०००००० | दश लाख |
| ३२ | नौमती वाजा, आरान र घट्टा मिल | सवै वडा | २००००० | दुइ लाख |
| ३३ | गाउँपालिका अध्यक्ष जातिय विभेद उन्मुलन कार्यक्रम | सवै वडा | १००००० | एक लाख |
| ३४ | वि पि स्मृती भवन जलजला | वडा न ४ | १०००००० | दश लाख |
| ३५ | अध्यक्ष तोक आदेश | सवै वडा | ८०००००० | असी लाख |
| ३६ | पाइप जाली खरिद | सवै वडा | १०००००० | दश लाख |
| ३७ | ग्रामिण मोटरबाटो सरसफाइ | सवै वडा | ४०००००० | चालिस लाख |
| ३८ | मजदुर पेन्सन कोष | सवै वडा | ३०००००० | तिस लाख |
| ३९ | वडा कार्यालय डि पि आर | सवै वडा | २०००००० | वीस लाख |
| ४० | विविध विषयमा अध्ययन तथा जनप्रतिनिधि तालिम तथा अनुसन्धान | सवै वडा | १०००००० | दश लाख |
| ४१ | ढुगा गिटी वालुवा आइ इ इ | | ५००००० | पाँच लाख |
| ४२ | वाढी पहिरो घर निर्माण राहात लागत साझेदारी | सवै वडा | १४००००० | चौध लाख |
| ४३ | खोलाखेत भुसुने मोटरवाटो | ४,६ | ६००००० | ६ लाख |
| ४४ | लामछीरा पिडाल्ला सिचाइ | 4 | ५००००० | पाँच लाख |

| | | | | |
|---|---|---|---|---|
| ४५ | आमा समुहहरु प्रवर्दन तथा विकास | | ४०००००० | चालिस लाख |
| ४६ | युवा तथा खेलकुद | | २०००००० | वीस लाख |
| ४७ | पर्यटन तथा मठ मन्दिर संरक्षण साझेदारी | | १५००००० | पन्ध लाख |
| ४८ | दलित बस्ति खानेपानी तथा सरसफाइ | | ९००००० | नौ लाख |
| ४९ | धुर्मुस सुन्तली फाउण्डेशन रंगशाला निर्माण | | ५०००० | पचास हजार |
| ५० | लगु उद्यमी म्याचीङ फण्ड | | ३००००० | तिन लाख |
| ५१ | मानब सेवा आश्रम बाग्लुङ् | | २००००० | दुई लाख |
| ५२ | पर्वत ब्याटमिन्टन कबड हल | | ३००००० | तिन लाख |
| ५३ | ढुङ्गा खानि मोटरवाटो | जलजला 2 | ३००००० | तिन लाख |
| ५४ | रेडक्रस पर्वत | | १००००० | एक लाख |
| ५५ | म्याग्दि हस्पिटल | | १००००० | एक लाख |
| ५६ | स्मृती प्रतिष्ठान | | ५००००० | पाँच लाख |
| ५७ | लामाखेत गाँउपालिका सडक मर्मत | | १०००००० | दश लाख |
| ५८ | पालिका भित्र ऐतिहासीक साँस्कृतीक स्थानहरुको अध्ययन तथा अभिलेखीकरण तथा पुस्तक प्रकाशन | | ५००००० | पाँच लाख |
| ५९ | लैङगीक हिंसामुक्त वडा घोषणा | | ३००००० | तिन लाख |
| | वडा गत योजना | | | |
| | वडा न १ | | २५००००० | पच्चिस लाख |
| | वडा न २ | | २७००००० | सत्ताइस लाख |
| | वडा न ३ | | २६००००० | छब्वीस लाख |
| | वडा न ४ | | २८००००० | अठ्ठाइस लाख |
| | वडा न ५ | | ३०००००० | तिस लाख |
| | वडा न ६ | | ३०००००० | तिस लाख |
| | वडा न ७ | | ३०००००० | तिस लाख |
| | वडा न ८ | | ३०००००० | तिस लाख |
| | वडा न ९ | | २६००००० | छब्वीस लाख |
| | कुल जम्मा रकम रु. | | १५२३५०००० | पन्ध करोड तेइस लाख पचास हजार |

आदरणीय सभाध्यक्ष ज्यू,
सदस्य ज्युहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,
अब म, जलजला गाउँपालिका आर्थिक विधेयक, २०७८ र जलजला गाउँपालिका विनियोजन विधेयक, २०७८ यसै साथ प्रस्तुत गर्दछु ।
जलजला गाउँपालिकाको सम्मानित दशौं गाउँसभामा वार्षिक आय(ब्ययको विवरण (वजेट) प्रस्तुत गर्ने क्रममा विभिन्न चरणमा आफ्नो स्थानवाट मार्गनिर्देशन उपलब्ध गराउनुहुने जलजला गाउँपालिकाका अध्यक्षज्यू प्रति विशेष आभार ब्यक्त गर्दछु । साथै आ—आफ्नो अधिकार क्षेत्रभित्र रही रचनात्मक सुझाव उपलब्ध गराउने पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, विपद् ब्यवस्थापन समिति, सुशासन प्रवद्र्धन समितिका संयोजक तथा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, गाँउसभा सदस्य ज्युहरु, कार्यालयका शाखा प्रमुख एवं सम्पूर्ण कर्मचारीहरु, वडा सचिव राजनितिक सल्लाहकार, कानुनी सल्लाहकार, शिक्षक, जनसमुदायहरु, राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार मित्रहरु, सुरक्षाकर्मी लगायत  सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।साथै यस घोषणा समारोहलाई सौहार्दतापूर्वक सम्पन्न गर्न पु¥याएको योगदानका लागि गाउँपालिकाका पदाधिकारी तथा सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । कोभिड १९ को संक्रमणवाट आफू बची र अरुलाई पनि बचाउनका लागि आवश्यक सावधानी र होसियारी अपनाउन म सवैलाई अनुरोध गर्दछु ।

अन्त्यमा प्रस्तुत वजेट कार्यान्वयनका सवै चरणहरुमा सरोकारवाला सबै क्षेत्रबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै बजेट कार्यान्वयनका लागि यहाँहरु सवैको  रचनात्मक सहयोगको अपेक्षाका साथ विदा हुने अनुमति चाहन्छु ।
धन्यवाद !

सीमा गर्बजा पुन
उपाध्यक्ष